ईमेल:addprov2dhanusha@gmail.com
Phone:+041-591794
Website: add.madhesh.gov.np

मधेश प्रदेश सरकार

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

## बीउ प्रशोधन प्लान्टको यन्त्र /उपकरणहरुको आपुर्तिका लागि आपुर्तिकर्ताबाट शिलबन्दी प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१।०९।१४)**

यस कार्यालयको चालू आ.ब. २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम **"विउ विजन आत्मनिर्भर कार्यक्रम"** रहेकोमा सो कार्यक्रम अन्तर्गत **बीउ प्रि क्लिनर, बीउ ग्रेडर, बीउ ट्रिटर, इन्टेनडेड सिलिण्डर, बीउ ग्राभिटी सेपरेटर तथा ब्याग स्वेईङ्ग यन्त्र /उपकरणहरुको** खरिदमा अनुदान दिने प्रयोजनका लागि मधेश प्रदेश सरकारबाट स्वीकृत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ र बीउ बिजन आत्मनिर्भर कार्यक्रम संचालन विधि, २०८१ बमोजिम यस कार्यालयबाट छनौट भएका अनुदानग्राहीलाई सो यन्त्र /उपकरणहरु खरिदमा अनुदान दिने प्रयोजनको लागि योग्यता पुगेका ईच्छुक कृषि यन्त्र उत्पादक, आपुर्तिकर्ता, वितरकहरुबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन अर्थात मिति २०८१।१०।१५ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ।

यस कार्यालयमा दर्ता भएका शिलबन्दी प्रस्तावहरु सूचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०८१।१०।१५ गते दिनको २:०० बजे आपुर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा शिल्बन्दि प्रस्ताव खोलिनेछ।शिल्बन्दी प्रस्ताव खोल्ने दिन विदाँ पर्न गएमा सोको भोली पल्ट प्रस्ताव खोलिने छ। आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दि प्रस्ताव खोल्न बाधा पर्ने छैन। थप विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**आवश्यक कागजात तथा शर्तहरु**

१. फर्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

२. फर्म नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,

३. PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

४. पछिल्लो तीन आ.ब. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी (सम्बन्धित कामको अनुभव ३ वर्षको हुनुपर्ने)

५. उत्पादनकर्ता कम्पनीले प्रदान गरेको आधिकारिक एजेन्टको ( Authorized Agent) प्रमाण पत्रको प्रमाणित प्रतिलिपि तथा यस शिलबन्दि प्रस्ताव प्रक्रियामा भाग लिनका लागि Manufacture Authorization letter पेश गर्नुपर्ने

६. पछिल्लो आ.ब. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

७. आपुर्ति गरिने कृषि मेशिनरी उपकरणहरुको Specification खुल्ने Catalogs र Leaflets,

Yadav
जितेन्द्र यादव
प्रमुख (कृषि अर्थ)

आपूर्तिकर्ताले आपूर्ति गर्न सक्ने बीउ प्रि क्लिनर, बीउ ग्रेडर, बीउ ट्रिटर, इन्टेनडेड सिलिण्डर, बीउ ग्राभिटी सेपरेटर तथा ब्याग स्वेईङ्ग मेशिनको कबुल गरेको कुल लागत रकमको न्युन्तम ३% बराबरको रकम १२० दिन सम्म म्याद भएको सक्कल बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस कार्यालयको कार्यालय कोड नं. ३१२०११७०१२ तथा रा. बा. बैंक, जनकपुरधाम (धनुषा) को धरौटी खाता नं. १२२०१००२०२०३०००० (प्र.ले.निका.धनुषा) मा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ ।

९. बीउ प्रि क्लिनर, बीउ ग्रेडर, बीउ ट्रिटर, इन्टेनडेड सिलिण्डर, बीउ ग्राभिटी सेपरेटर तथा ब्याग स्वेईङ्ग मेशिनको अनुदान कार्यक्रमका लागि सबै कृषि यन्त्र /उपकरणहरु वा आंशिक यन्त्र /उपकरणहरु को शिलबन्दी प्रस्ताव पेश गर्न सक्नेछ।

१०. सुचिकृत भएको आपुर्तिकर्ताले प्रस्तावमा पेश गरेका बीउ प्रि क्लिनर, बीउ ग्रेडर, बीउ ट्रिटर, इन्टेनडेड सिलिण्डर, बीउ ग्राभिटी सेपरेटर तथा ब्याग स्वेईङ्ग यन्त्र /उपकरणहरुलाई किसिम (Type), क्षमता (Capacity), मोडेल (Model), ब्राण्ड (Brand), र स्पेशिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समुहकृत गरी उक्त समुहमा परेको न्युनतम मूल्य (Lower Rate) लाई आधार मानी अनुदान रकम तोकिनेछ। छनौट भएका अनुदानग्राहीहरुले आफूले रुचाएको सुचिकृत भएका आपुर्तिकर्ताबाट कृषि यन्त्र उपकरणहरु खरिद गर्नेछन्। अनुदान वापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरि यस कार्यालयबाट भुक्तानी हुनेछ।

११. आपुर्तिकर्ताले बीउ प्रि क्लिनर, बीउ ग्रेडर, बीउ ट्रिटर, इन्टेनडेड सिलिण्डर, बीउ ग्राभिटी सेपरेटर तथा ब्याग स्वेईङ्ग यन्त्र /उपकरणहरु आपुर्ति तथा जडान गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई सो यन्त्र /उपकरणहरु उपलब्ध गराउनुपर्नेछ।

१२. यस कार्यलयवाट छनोट भएका अनुदानग्राहीको मांगको आधारमा आपूर्तिगरिने यन्त्र /उपकरणहरु को संख्यामा थप घट गर्नसकिनेछ।

१३. यस सम्बन्धि थप जानकारीको लागि यस कार्यालयका कृषि ईन्जिनियर श्री सुमन साहलाई (९७४२४७६३२२) सम्पर्क राख्न हुन व्यहोरा अनुरोध छ।